# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ती

## रूपैयाँ ५ दरको नयाँ नोट चलनचल्तीमा

नेपाल राष्ट्र बैंकले साउन ३१ गते देखि रुपैयाँ ५ दरको नयाँ नोट चलनचल्तीमा ल्याइएको छ ।

रुपैयाँ ५ दरको २६ करोड थान नयाँ नोट डिजाइन छपाई तथा आपूर्ति गर्न सम्झौता भएको कम्पनी China Banknote Printing and Minting Corporation, China बाट छपाई भई आएको संकेट नं. ढ/६६ ०००००१ देखि थ/४५ ९९९९९९ सम्मको नोट चलनचल्तीमा ल्याइएको हो ।

बैंकले साविककै आकार तथा रंगमा तर साविकको तलेजु भवानीको मन्दिरको चित्रको सट्टामा वि.सं. २०७२ सालको महाभूकम्प अघिको काष्ठमण्डप मन्दिरको चित्र, साविकको याकहरुको चित्रको सट्टामा वन्य याकको चित्र र साविकको सगरमाथा हिमालको चित्रको सट्टामा हुम्ला जिल्लाको लिमी क्षेत्रको हिमालको चित्र राखी उक्त नोट चलनचल्तीमा ल्याइएको छ ।

**नोटको अग्र भागमा :-**

१. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र रहेको ।
२. नोटको बीच भागमा वि.सं. २०७२ सालको महाभूकम्प अघिको काष्ठमण्डप मन्दिरको चित्र रहेको ।
३. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।
४. नोटको तल्लो भागमा गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।
५. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७३ लेखिएको ।




नोटको अग्र भागको बायाँतर्फ साविकको सगरमाथा हिमालको चित्र रहेको छ । नोट अग्र भागको बीचमा राखिएको २०७२ सालको महाभूकम्प अघिको काष्ठमण्डप मन्दिरको चित्र मार्फत भूकम्प सम्बन्धी जनचेतना जगाउन सहयोगी हुने, काष्ठमण्डप मन्दिर जस्तो राष्ट्रिय सम्पदाको महत्व बैंकनोट मार्फत झल्किने र पुनर्निर्माण कार्य गर्न समेत सहयोगी हुने विश्वास बैंकको रहेको छ । नोटको तल्लो भागमा गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको छ । साथै, नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७३ लेखिएको छ ।

**नोटको पृष्ठ भागमा :-**

१. नोटको माथिल्लो भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।
२. नोटमा वन्य याक तथा हुम्ला जिल्लाको लिमी क्षेत्रको हिमालको चित्र रहेको ।
३. नोटको तल्लो भागमा अंग्रेजीमा RUPEES FIVE लेखिएको ।
४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2017 A.D. लेखिएको ।




नयाँ नोटको पृष्ठ भागमा राखिएको याकको चित्र नेपालमा ३० वर्ष पछि हुम्ला जिल्लाको लिमी क्षेत्रमा देखिएको दुर्लभ तथा लोपोन्मुख वन्य याकको हो । दुर्लभ वन्य याक तथा याक पाइएको हिमालीको क्षेत्रको चित्र राख्दा दुर्लभ वन्यजन्तु सम्बन्धी जनचेतना भई सोको संरक्षणमा समेत टेवा पुग्ने विश्वास बैंकको रहेको छ । साथै, नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2017 A.D. लेखिएको छ ।

उक्त नोट सम्बन्धी थप जानकारी सहित चलनचल्तीमा ल्याइएको सम्बन्धी सार्वजनिक सूचना यस बैंकको www.nrb.org.np मा समेत राखिएको छ ।

**२०७४ साउन ३१, मंगलबार**